Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: १८ | वि.सं. २०८३ वैशाख १८ शुक्रवार | नेपाल संवत: ११४५, वैशाख शुक्ल पूर्णिमा | Friday 1 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### वीरेन्द्रनगरका निजी विद्यालयद्धारा सरकारी निर्देशनको अवज्ञा

# उठाए विभिन्न शिर्षकमा मनपरी शुल्क नियमविपरीतको शुल्क फिर्ता गर्न दबाब




**ओम शाही**
**सुर्खेत, १७ वैशाख ।**

२२ चैत २०८२ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले एक सूचना जारी गऱ्यो । उक्त सूचनामा संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारित बाहेक अन्य शुल्क नलिने व्यहोराको निर्देशन मन्त्रालयको थियो । मन्त्रालयले शैक्षिक सत्र २०८३ सुरु हुनुअगावै निजी विद्यालयहरुले विद्यार्थी भर्ना गरेको र विद्यार्थी भर्ना बापत अग्रिम शुल्क असुल गरेको गुनासोमा ध्यानाकर्षण भएको जनाएको थियो ।

शिक्षा नियमावली २०५९ को परिच्छेद १५ मा कसैले पनि शैक्षिक सत्र सुरु नभई विद्यार्थी भर्ना गर्न गराउन हुदैन भन्ने स्पष्ट व्यवस्था छ । तर, प्रचलित कानून अनुसार भर्ना भए पश्चात मात्र स्वीकृत भएको शीर्षकको शुल्क मात्र लिन पाउने व्यवस्था हुदाँहुदै विद्यार्थीहरुबाट अग्रिम शुल्क असुल गरिएको साथै स्वीकृत भएको भन्दा बढि शुल्क लिइएको, तोकिएको शीर्षकभन्दा फरक शीर्षकमा शुल्क लिइएको, एउटै विद्यालयमा एक पटक भर्ना भए पश्चात पनि पटक-पटक भर्ना शुल्क लिइएको आदि गुनासाका पछि मन्त्रालयले यस्तो कार्य दोहोरिए कारवाही गर्ने चेतावनी दिएको थियो ।

मन्त्रालयको यो कदमसँगै अभिभावकले राहत पाउने अपेक्षा गरेका थिए । तर, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका भित्र सञ्चालितल निजी विद्यालयहरुले सरकारको निर्णय अवेज्ञा गर्दै विद्यार्थी भर्नामा आफुखुशी शुल्क असुलिरहेका छन् । वीरेन्द्रनगर नगरपालिका-३, कि एक अभिभावक बुधबार सुर्खेतमा नाम चलेको साउथ एसियन स्कूल पुगिन ।

आफ्ना दुई बच्चाको भर्ना गर्न उनी त्यहाँ पुगेकी थिइन । हातमा थमाइएको विद्यालयको बिल देखेर उनी चकित परिन । उनलाई थमाइएको बिलमा वार्षिक शुल्क पाँच हजार लेखिएको थियो । त्यो पनि कक्षा १ को । उनले विगतका वर्षहरुमा भर्ना शुल्क भन्दै पैसा तिदै आएकी थिइन । तर, यस पटक शुल्कको नाम र रकमसमेत परिवर्तन भएको थियो । उनी केही बोलिनन्, रकम तिरेर फर्किइन । 'यस पटक सानो कक्षाको पनि यति धेरै भर्ना शुल्क लिएको देखेर अचम्म लागेको छ,' उनले भनिन्, 'यसैगरी मनपरी शुल्क लगाउदै जाने हो भने त हामी जस्तालाई छोराछोरी पढाउनै मुस्किल हुने जस्तो भयो ।' यस्तै, वीरेन्द्रनगर-७, स्थित डिबी निकेतनमा पनि अर्का अभिभावकले आफ्नो छोरीलाई भर्ना गराएवापत सात हजार चार सय शुल्क बुझाए ।

उनले प्राप्त गरेको बिलमा पनि वार्षिक शुल्क उल्लेख गरिएको छ । वीरेन्द्रनगर-१०, स्थित इगरव्रिज बोडिङ स्कूलले पनि एक अभिभावकबाट वार्षिक शुल्कका नाममा कक्षा ५ मा भर्ना भएवापत सात हजार दुई सय लिएको छ । ति अभिभावक भन्छन्, 'वर्षौंदेखि एउटै विद्यालयमा अध्ययनरत विद्यार्थीबाट हरेक वर्ष पुनः नाम लेखाइ शुल्क असुल्नु अभिभावकमाथि थोपरिएको दोहोरो आर्थिक अन्याय हो । निरन्तरता दिइरहेका विद्यार्थीलाई प्रोत्साहन र सहुलियत दिनुपर्नेमा अनावश्यक शुल्कको नाममा थप आर्थिक भार बोकाउनु शिक्षा क्षेत्रकै विकृति हो ।'

बार्षिक शुल्कको नाममा लिएको शुल्कका बारेमा बुझ्न खोज्दा विद्यालयले चित्तबुझ्दो उत्तर नदिएको उनले बताए । निजी विद्यालयको स्तर, सेवा-सुविधा र पूर्वाधारका आधारमा सरकारले स्पष्ट मापदण्ड तय गरी मासिक शुल्क, भर्ना शुल्क, नाम लेखाइ शुल्क तथा अन्य शुल्कको सीमा पारदर्शी रूपमा निर्धारण नगरेसम्म निजी विद्यालयको असुल धन्दा नरोकिने उनी बताउँछन् ।

बाँकी ३ पेजमा

## नियामक निकाय मौन

संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ अनुसार निजी विद्यालयले विभिन्न १४ वटा शिर्षकमा शुल्क लिन पाउँछन । मासिक पढाइ, वार्षिक, भर्ना, धरौटी, परीक्षा, कम्प्युटर, स्थानान्तरण प्रमाणपत्र, विशेष प्रशिक्षण, आवास, भोजन, यातायात, शैक्षिक भ्रमण, अन्तरविद्यालय प्रतियोगिता सञ्चालन र शैक्षिक सामग्रीका लागि शुल्क लिन पाउने निर्देशिकामा उल्लेख छ ।

त्यस्तै, उक्त निर्देशिकामा मासिक पढाइ शुल्क एक वर्षमा १२ महिनाभन्दा बढीको शुल्क लिन नपाईने व्यवस्था गरिएको छ । निर्देशिकाको शुल्क शीर्षक र मापदण्ड विवरणअुसार भर्ना शुल्क जुन कक्षामा भर्ना हुने हो सोही कक्षाको स्वीकृत शुल्क एक पटक मात्र लिन पाइने निर्देशिकामा उल्लेख छ ।

यी शुल्क विद्यालयले सम्बन्धित स्थानीय तहबाट स्वीकृत गराउनुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ । वार्षिक

बाँकी ३ पेजमा

# भारतबाट ल्याइएका पाँच हजारभन्दा बढी कुखुराका चल्ला बरामद

**युग संवाददाता**
**नेपालगन्ज, १७ वैशाख ।**

बाँकेको नेपालगन्ज उपमहानगरपालिका-१३ लालापुरुवा क्षेत्रमा अवैध रूपमा भारतबाट ल्याइएका कुखुराका चल्ला आज यहाँ बरामद गरिएका छन् । जिल्ला प्रहरी कार्यालयले अन्दाजी रु पाँच लाख १६ हजार ८०० बराबरका पाँच हजार ४४० थान कुखुराका चल्ला बरामद गरिएको जनाएको छ ।

बरामद गरिएका चल्लालाई पशु क्वारेन्टिइन कार्यालय, नेपालगन्ज पठाइएकामा सबै चल्ला नष्ट गरिएका पशु क्वारेन्टिइन कार्यालय प्रमुख डा हरेराम यादवले जानकारी दिए । कडाइ गर्दागर्दै पनि खुला सीमाको फाइदा उठाएर बाँके र बर्दियाका नाकाबाट कुखुराका चल्ला तथा कुखुराको अवैध आयात भएको उनले बताए । भारतबाट यसरी कुखुराको अवैध आयात गर्नु दण्डनीय भएकाले सतर्क रहन उनले सबैलाई आग्रह गरे ।

# छ महिनामा दुई हजार छ सय पर्यटकले गरे शुक्लाफाँटा भ्रमण

**युग संवाददाता**
**कञ्चनपुर, १७ वैशाख ।**

कञ्चनपुरस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा चालु आर्थिक वर्षको छ महिनामा दुई हजार ६३४ जना पर्यटकले भ्रमण गरेका छन् । यसरी भ्रमण गर्नेमा एक हजार ६२९ जना पुरुष र एक हजार पाँच जना महिला रहेका निकुञ्ज कार्यालयले जनाएको छ ।

त्यस्तै, निकुञ्ज भ्रमण गर्नेमा आन्तरिक पर्यटकको सङ्ख्या दुई हजार २७८ रहेको छ । त्यसबाहेक सार्क मुलुकका ४९ महिला र एक सय ९५ पुरुष गरी दुई ४४ जना, त्यसबाहिरका ४९ महिला र ६३ पुरुष गरी एक सय १२ जना पर्यटकले यहाँ भ्रमण गरेको निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम वाग्लेले जानकारी दिए ।

यस अवधिमा सबैभन्दा बढी गत चैतमा छ सय २१ जना पर्यटकले निकुञ्ज भ्रमण गरेका छन् । कात्तिकमा पाँच सय ८०, मङ्सिरमा दुई सय ९३, पुसमा तीन सय ७६, माघमा तीन सय ६९ र फागुनमा तीन सय ८६ जना पर्यटकले निकुञ्ज भ्रमण गरेका छन् । पर्यटनबाट रु १४ लाख ६७ हजार ४८६ राजस्व सङ्कलन गरिएको सूचना अधिकारी वाग्लेले बताए ।

जैविक विविधता, दुर्लभ वन्यजन्तु र शान्त वातावरणले भरिपूर्ण यो निकुञ्ज पर्यटकहरूको रोजाइमा पर्न थालेको छ । कोभिड महामारीपछि यहाँ आउने विदेशी पर्यटकको सङ्ख्यामा केही कमी आए पनि पछिल्ला वर्षहरूमा त्यो सङ्ख्या बढ्दै गएको छ । "नेपालकै सबैभन्दा ठूलो घाँसे मैदान रहेको यस निकुञ्जमा पाटेबाघ, मृग र दुर्लभ वन्यजन्तुदेखि विभिन्न वनस्पति पाइन्छ । प्राकृतिक सौन्दर्य र जैविक विविधता भएको क्षेत्रबारे अध्ययन-अनुसन्धानसँगै अवलोकनका लागि स्वदेशी तथा विदेशी पर्यटकहरू यहाँ पुग्ने गरेका छन्", वाग्लले भने ।






## सम्पादकीय....

# फुकोट कर्णालीलाई तत्काल अघि बढाऊ !

कालीकोट जिल्लाका पाँच स्थानीय तह भएर बग्ने कर्णाली नदीमा निर्माणाधिन ४८० मेगावाटको फुकोट कर्णाली जलविद्युत आयोजनाको लगानी संरचना परिवर्तन गर्नुपर्ने भएको छ। नेपाल सरकारको स्वामित्वमा रहेको विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतीय सरकारी कम्पनीबीच भएको लागत साझेदारी नेपालका पक्षमा नभएको दावी गर्दै दायर भएको रिटमा अन्तिम सुनुवाई गर्दै सर्वोच्च अदालतले सम्झौता संशोधन गरेर आयोजना अघि बढाउन निर्देशनात्मक आदेश दिएको हो। नेपाल र भारतीय कम्पनीको संयुक्त लगानीमा निर्माण हुने अर्धजलाशययुक्त आयोजनाको सम्झौतामा नेपालले प्राप्त गर्नुपर्ने प्रतिफल कम पाएको ठहर सर्वोच्चको छ। विद्युत उत्पादन कम्पनी र भारतीय सरकारी कम्पनी (एनएचसपी) बीच १७ जेठ २०८० मा भएको लगानी समझदारी पत्रको धारा ५ मा शेयर स्वामित्व बाँडफाँड भएको थियो। उक्त समझदारी पत्रमा नेपालको सार्वभौमसत्ता, अखण्डता, प्राकृतिक स्रोतको संरक्षण, वातावरणीय सन्तुलन तथा अन्तरपुस्ता समन्वय सुनिश्चित गर्न विद्युत उत्पादन कम्पनी लिमिटेडको शेयर स्वामित्व ४९ प्रतिशत र भारतीय सरकारी कम्पनी (एनएचपीसी) लिमिटेडको शेयर स्वामित्व ५१ प्रतिशत रहने उल्लेख छ।

समझादारी पत्रको यही विषय अदालत पुगेको थियो। सर्वोच्चको यो आदेशसँगै कानुनी झमेलाबाट आयोजना मुक्त बनेको थियो। निर्माण चरणमा प्रवेश गरिसकेको आयोजना सर्वोच्चमा परेको रिटकै कारण अघि बढ्न सकेको थिएन। फुकोट कर्णाली जल विद्युत् आयोजना नेपालमा कार्यान्वयन भइरहेका मध्ये सबैभन्दा लागत सस्तो र उच्च प्रतिफल लिन सकिने आयोजना हो। कुल ९२ अर्ब लागत रहेको आयोजनामा प्रति मेगावट १९ करोड १६ लाख पर्ने जनाइएको छ। फुकोट कर्णाली जलविद्युत आयोजना कर्णाली प्रदेशको कालीकोट जिल्लाको रास्कोट नगरपालिका, सान्नी त्रिवेणी गाउँपालिका, खाँडाचक्र नगरपालिका, पचाल झरना गाउँपालिकामा अवस्थित छ। कर्णाली नदीमा निर्माण हुने यो आयोजनाको ग्रस हेड १६८.६२ मीटर तथा डिजाइन डिस्चार्ज ३४८ घन मिटर प्रति सेकेण्ड छ। आयोजनाबाट औसत वार्षिक २४४.८ करोड युनिट बिजुली उत्पादन हुने जनाइएको छ। आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा आएपछि सुख्खा याममा दैनिक ६ घण्टा पूर्ण क्षमतामा विद्युत उत्पादन गर्न सकिन्छ।

आयोजनाबाट उत्पादित विद्युत ४०० केभि डबल सर्किट प्रसारण लाइनमार्फत विद्युतको राष्ट्रिय प्रसारण प्रणालीमा जोड्ने आयोजनाको लक्ष्य छ। हालसम्म आयोजनाको विस्तृत सम्भाव्यता/इन्जिनियरिङ अध्ययन प्रतिवेदन तयार भइसकेको छ। विद्युतगृह तथा बाँधस्थलमा ६१० मिटर टेस्ट अडिट टनेल निर्माण सम्पन्न भएको छ भने आयोजनास्थलसम्म पहुँचमार्ग तथा कर्मचारी आवास गृह र कार्यालय भवन निर्माण कार्य जारी छ। आयोजना कार्यान्वयन गर्दा डुबान पर्ने क्षेत्रमा झण्डै ८२२ रोपनी जग्गा कम्पनीको नाममा आइसकेको छ। वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिका लागि विद्युत विकास विभागमा पेश भइसकेको जनाइएको छ। कानुनी अल्झन पुरा गरेसँगै अब अदालतले भने मुताविक लगानी संरचना संशोधनको प्रक्रिया अघि बढाएर आयोजनालाई गति दिइनु पर्दछ। आयोजनालाई समयमै पुरा गर्न सकिएको खण्डमा देशको उर्जा उत्पादनमा एक इट्टा थपिने निश्चित छ। यसर्थ, अब कुनै पनि बहानामा आयोजना प्रभावित हुने अवस्था आउन नदिन सरकारले ध्यान पुऱ्याउन आवश्यक छ।

# कर्मचारीको बढुवा अब कार्य मूल्याङ्कन सूचकका आधारमा हुने

✍ नारायण न्यौपाने/रासस

सरकारले निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन तथा नेतृत्व विकासलाई वस्तुगत र व्यावहारिक बनाउन लागेको छ। सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा निजामती सेवालाई बढी कार्यमूलक, नतिजामुखी र सेवाग्राहीमैत्री बनाउन कार्य सम्पादन मूल्याङ्कन प्रणाली सुधारमा जोड दिइएको छ।

विधेयकलाई जनचाहना र सरोकारवालाको सुझावका आधारमा परिष्कृत बनाउन सामान्य प्रशासन तथा सङ्घीय मामिला मन्त्रालयले विधेयकमाथि सुझाव सङ्कलन गरिरहेको छ। गत शुक्रबार सार्वजनिक गरिएको विधेयकको मस्यौदामाथि कर्मचारीको अनिवार्य अवकाश, उम्मेर हद, बढुवा र सचिवको पदावधिलगायत विषयमा छ हजारभन्दा बढी सुझाव प्राप्त भइसकेको छ। अघिल्लो प्रतिनिधिसभा र राष्ट्रियसभामा छलफल भई निष्कर्षोन्मुख त्यस विधेयकलाई आधार मानी वर्तमान सरकारले मस्यौदालाई अन्तिम रुप दिएको हो।

मन्त्रालयका सहसचिव प्रकाश दाहालका अनुसार विभागीय प्रमुख, कार्यालय प्रमुख, सहसचिव, सचिव र मुख्यसचिव सबैको वस्तुगत कार्यसम्पादन सम्झौता गरी सूचकका आधारमा वस्तुनिष्ठ मूल्याङ्कनबाट बढुवा, सेवा सुविधा, जिम्मेवारी, दण्ड र पुरस्कारको भागेदारी बनाइनेछ। सङ्घीय निजामती सेवालाई राष्ट्रहित र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, राजनीतिक रूपमा तटस्थ, पेसागत रूपमा सक्षम, सुदृढ, सेवामूलक, जनउत्तरदायी, समावेशी, पारदर्शी, परिणाममुखी, प्रविधिमैत्री र व्यावसायिक बनाउँदै सुशासनयुक्त संयन्त्रका रूपमा विकास गर्ने उद्देश्य विधेयकमा राखिएको छ।

मस्यौदामा खासगरी प्रशासनिक सङ्घीयता कार्यान्वयन, नेतृत्व विकास र बढुवालाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइएको छ। निजामती सेवामा अवसरका सबै विषय कार्य मूल्याङ्कनमा आधारित हुने भएकाले बढुवा फारममा शतप्रतिशत नम्बर दिएर पदोन्नति हुने पद्धतिको अब अन्त्य हुने विश्वास गरिएको छ। स्थायी सरकारका रुपमा रहेका निजामती कर्मचारीको पदोन्नतिका लागि कार्यसम्पादन सूचक तथा वार्षिक कार्यक्रमको प्रगति, आचरण, अनुशासन तथा नैतिक परीक्षण र सेवाग्राहीको पृष्ठपोषणका आधारसमेत लिइनेछ।

विगतमा पूर्णाङ्क बराबरको नम्बर दिनुपर्छ भन्ने कहीँ उल्लेख नभए पनि मोलाहिजा, आश र त्रासले शतप्रतिशत नम्बर प्रदान गर्ने गरिएको भन्दै आलोचना हुँदै आएको थियो। प्रस्तुत विधेयकले काम गर्ने र नगर्ने कर्मचारीबीचको विभेद छुट्याउने विषयलाई बाध्यकारी बनाएको छ। प्रशासनिक सङ्घीयता कार्यान्वयनमा पनि प्रस्तुत विधेयक एक कदम अगाडि रहेको विज्ञको धारणा छ।

लामो अनुभव, विषयविज्ञता र विशेषज्ञता हासिल गरेका निजामती सेवामा उपल्लो तह अर्थात सचिवको जिम्मेवारीमा रहेकाको कार्य मूल्याकनका आधारमा एकवर्षे कार्यकाल थप गर्नसक्ने व्यवस्था प्रस्ताव गरिएको छ। यसअनुरुप अधिकृत चौधौँ र तेह्रौँ तहका निजामती कर्मचारीको सेवा अवधि दुई वर्ष रहने भए पनि सरकारले कार्यदक्षताको आधारमा अधिकृत तेह्रौँ तहको कर्मचारीको भने पदावधि बढीमा एक वर्ष थप गर्न सक्नेछ।

निजामती सेवालाई विशिष्टिकृत, नेतृत्व विकासलाई वस्तुगत र कार्यसम्पादन व्यावहारिक तुल्याउन उच्च तहको कर्मचारीका सेवावधि तोक्न र थप्न सक्ने व्यवस्था ऐनमै राख्न प्रस्ताव गरिएको हो। हाल मुख्यसचिवको पदावधि तीन वर्षको छ भने सचिवको अवधि पाँच वर्ष रहिआएको छ। विशिष्ट श्रेणीमा पुगेका परिपक्व कर्मचारीको छोटो अवधिमै सरुवा नगर्ने विषय ऐनमै समावेश छ।

अघिल्लो प्रतिनिधिसभा र संसदीय समितिमा निकै चर्चा, बहस र रस्साकस्सी बनेको 'कुलिङ पिरियड'सम्बन्धी प्रावधान प्रस्तुत विधेयकमा समेटिएको छ। निश्चित अवधि निर्णायक तहमा बसेर काम गरेको कर्मचारीको संवैधानिक निकायलगायतमा हुनसक्ने नयाँ नियुक्ति व्यक्तिगत स्वार्थसँग जोडिनसक्ने पाटोलाई दुईवर्षे 'विश्राम अवधि'सम्बन्धी व्यवस्थाका लागि प्रस्ताव गरिएको हो।

त्यस्तै, कर्मचारी ट्रेड युनियनका सम्बन्धमा विभिन्न खाले प्रतिक्रिया सार्वजनिक भइरहेको अवस्थामा शान्तिसुरक्षा र प्रशासनिक सेवामा राज्यले आफ्नो निर्णय लिनसक्ने अन्तरराष्ट्रिय महासन्धिलाई आत्मसात् गरेको देखिएको छ। निजामती सेवालाई निष्पक्ष, तटस्थ र व्यावसायिक बनाउन ट्रेड युनियन आवश्यक नरहेको आमनागरिकको प्रतिक्रिया छ। यद्यपि, मस्यौदामा समेटिएका यी यस्ता पेचिला विषय संसद्मा हुने बहसबाट निष्कर्षमा पुग्नेछन्।

निजामती कर्मचारी ऐनले नागरिकको आवाज र गुनासोलाई के कति सम्बोधन गर्न सक्छ भनी विधेयकमै परिभाषित गरिएको छ। प्रस्तावित मस्यौदामा स्थानीय सेवा र प्रदेश निजामती सेवा सञ्चालन ऐनमा दुवै तहका सेवालाई यस ऐनले मागदर्शन गर्नेछ। प्रस्तावित ऐन जारी भएपछि यससँग सम्बन्धित अन्य ऐनमा पनि एकरुपता कायम हुनेछ। यसले तीन तहकै कर्मचारीको वृत्ति विकास र आधारभूत सेवा र सुविधा समान हुनेछ।

मन्त्रालयका अधिकारीहरु समग्रतामा प्रस्तावित नयाँ विधेयक कर्मचारीमैत्रीका रुपमा लिन सकिने बताउँछन्। अनुशासित भएर कर्मचारीले आफूसँग भएको ज्ञान, सीप, योग्यताको सदुपयोग गरी जनहित र देश विकासमा योगदान दिनुपर्छ। विगतमा कर्मचारी समायोजन ऐनबाट गरिएका निर्णयले अझैसम्म केही समस्या सिर्जना गरेकामा त्यसलाई पनि सम्बोधन गर्नेछ। संविधानमा स्पष्ट नभएको तीन तहबीचको प्रशासनिक अन्तरसम्बन्धलाई पनि यस मस्यौदाले समेटेको छ। यस विधेयकले प्रशासनिक सङ्घीयता कार्यान्वयनमा रहेका जटिलता पनि समाधान हुने विश्वास गरिएको छ।

विधेयकमा उपसचिव र सहसचिव श्रेणीमा १० प्रतिशत खुल्ला प्रतिस्पर्धा तथा सङ्घ, प्रदेश र स्थानीय तहबीचका कर्मचारीले १० प्रतिशत अन्तर तह प्रतिस्पर्धा गर्न पाउने प्रस्ताव गरिएको छ। यो प्रावधान नयाँ हो, जसबाट क्षमतावान् जनशक्ति भित्र्याउन सहयोग पुग्नेछ। विधेयकमा कर्मचारीको उमेर हद बढाएर ६० वर्ष प्रस्ताव गरिएको छ। यसअघि निजामती सेवा विधेयकमा ५८ वर्षमा अनिवार्य अवकाश हुने व्यवस्था थियो।

कम उमेरमा तालिम र अनुभव प्राप्त दक्ष जनशक्ति अवकाश हुँदा नीतिनिर्माण र सेवा प्रवाहमा परिपक्व तथा सरकारका अभ्यास तथा प्रणाली बुझेका कर्मचारीको व्यवस्थापनका लागि ६० वर्ष सेवावधि प्रस्ताव गरिएको मन्त्रालयको दाबी छ। कम उमेरमा अवकाश दिँदा राज्यलाई थप वित्तीय दायित्व बढ्ने पक्षलाई ख्याल गरिएको छ।

प्रस्तुत ऐन प्रारम्भ भएको आर्थिक वर्षमा ५८ वर्ष, दोस्रो आवमा ५९ वर्ष उमेर पूरा भएपछि अवकाश पाउने प्रावधान राखिएको छ। राजपत्राङ्कित विशिष्ट श्रेणीका निजामती कर्मचारीको हकमा भने पदावधि वा उमेरमध्ये जुन आधारमा पहिले अवकाश हुने हो सोही आधारमा हुनेछ। निजामती सेवामा आर्थिक योजना तथा तथ्याङ्क, इन्जिनियरिङ, कृषि, न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण, वन, विविध, शिक्षा र सूचना प्रविधि सेवा रहने प्रस्ताव गरिएको छ। निजामती सेवामा श्रेणीगत र तहगत गरी मिश्रित संरचना रहनेछन्।

राजपत्राङ्कित विशिष्ट श्रेणीमा अधिकृत चौधौँ र तेह्रौँ, प्रथम श्रेणीमा अधिकृत बाह्रौँ र एघारौँ, द्वितीय श्रेणीमा अधिकृत दसौँ र नवौँ, तृतीय श्रेणीमा अधिकृत आठौँ, सातौँ र छैटौँ तथा राजपत्र अनङ्कित प्रथम श्रेणीमा सहायक पाँचौँ, द्वितीय श्रेणीमा सहायक चौँथो, तृतीय श्रेणीमा सहायक तेस्रो, चतुर्थ श्रेणीमा सहायक दोस्रो र पाँचौँ श्रेणीमा सहायक पहिलो रहने प्रस्ताव गरिएको छ।

राजपत्र अनङ्कित वा सहायक तहको पदमा १८ वर्ष उमेर पूरा भएको हुनुपर्नेछ भने राजपत्राङ्कित वा अधिकृत तहको पदमा २१ वर्ष उमेर पूरा भएको व्यक्तिले प्रतिस्पर्धा गर्न पाउनेछ। निजामती सेवामा पुरुष उम्मेदवारको हकमा ३२ वर्ष र महिला उम्मेदवारको हकमा ३५ वर्ष उमेर पूरा नभएको तथा अपाङ्गता भएको व्यक्ति ३९ वर्षसम्म उम्मेदवार हुन पाउनेछ। हाल पुरुषको ३५ वर्ष छ भने महिलाको ४० वर्षसम्म निजामती सेवामा प्रवेशको मापदण्ड रहेको छ।

पूर्वसचिव कृष्णहरि बाँस्कोटा राजनीतिक रुपमा तटस्थ, सरकारको चाहनाअनुरुप आफ्ना अनुभव र सूचना उपलब्ध गराउने तथा कानुनविपरीतका कार्य रोक्न आवश्यक सल्लाह दिने स्थायी सरकारका रुपमा निजामती सेवालाई लिने गरिएको बताए। उनले भने, "प्रस्तावित विधेयकले सुशासन कायम गर्न निकै मद्दत गर्छ, कर्मचारीलाई श्रेणी र तह दुबैमा सम्मिश्रण गरिएको छ, जसले कर्मचारीभित्रको विभेद् अन्त्य गर्न, मनोबल उकास्न र सुशासन कायम गर्न प्रेरित गर्छ। कर्मचारीका सेवा, सुरक्षा र गुनासोलाई सम्बोधन गर्न बोर्डको व्यवस्था गरेको छ। विशिष्ट क्षमता भएका व्यक्तिलाई बाहिरबाट ल्याउन बाटो खोलेको छ।" ऐनमा समेटिएका प्रावधानले कर्मचारी उत्प्रेरित भई सुशासन कायम हुनेमा सुनिश्चित गर्ने राष्ट्रिय सूचना आयोगका पूर्वअध्यक्ष बास्कोटाको भनाइ छ।

असल नियतले गरेको कामको बचाउ, मुद्दाका सन्दर्भमा पक्राउ गर्न परेमा अख्यिारवालाको सहमति लिनुपर्ने, तलबको नियमित पुनरावलोकन, देशको वित्तीय क्षमताले भ्याउनेसम्मको सुविधाको व्यवस्था रहेकाले विधेयकको मस्यौदा कर्मचारीमैत्री रहेको दाबी गरिएको छ। केन्द्रदेखि स्थानीय तहसम्म तहगतरुपमा लैजाने र तहगत प्रणालीले सङ्घीयतालाई समन्वय र एकीकृत गराउने र सुशासन र सेवा प्रवाहमा असर गरिरहेको सरकारी निकायमा ट्रेड यूनियन नराख्ने विषय सकारात्मक विज्ञहरुको भनाइ छ।

त्यस्तै सरुवा प्रणालीलाई अनुमान योग्य, पारदर्शी र अनिवार्य गरेको तथा कर्मचारीमा आचरणका नियमहरुले मर्यादित भएर काम गर्न प्रेरित गर्ने देखिएको उनीहरुको भनाइ छ। गुनासा सुनुवाइ संयन्त्र गठन तथा प्रशासन सुधार नियमित गर्ने विषयलाई सकारात्मक पक्षका रुपमा लिइएको छ। सेवा प्रवेशको हालको उमेर अवधिलाई पनि चरणबद्ध रुपमा घटाउनुपर्ने विज्ञहरुको सुझाव छ।

## विश्व

# पश्चिम एसिया द्वन्द्व : कच्चा तेलको मूल्य चार वर्षयताकै उच्च




काठमाडौँ, १७ वैशाख । मध्यपूर्वमा जारी युद्धले विश्व अर्थतन्त्र, कूटनीति र सुरक्षा अवस्थामाथि एकसाथ गहिरो प्रभाव पारिरहेको छ। तेलको मूल्य चार वर्षयताकै उच्च विन्दुमा पुगेको छ भने अमेरिका, युरोप र रुसबीचको सम्बन्ध पनि थप जटिल बन्दै गएको छ। यसबीच सैन्य गतिविधि, कूटनीतिक वार्ता र आर्थिक असरहरू समानान्तर रूपमा तीव्र भएका छन्।

ऊर्जा बजारमा सबैभन्दा स्पष्ट प्रभाव देखिएको छ। ब्रेन्ट कच्चा तेलको मूल्य सात प्रतिशत बढेर उच्च बिन्दूमा १२६.४१ डलरमा कारोबार भएको छ।

वेस्ट टेक्सास इन्टरमिडियेट पनि ३.४ प्रतिशतले बढ्दै उच्च बिन्दूमा ११०.३१ डलरमा कारोबार भएको छ। जो विगत चार वर्षयताकै उच्च हो। इरानमाथि अमेरिकी नाकाबन्दी कडा बनाइँदै जाँदा आपूर्ति असन्तुलनको डरले बजार उकालो लागेको हो।

सैन्य पक्षमा, अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले नाकाबन्दी उल्लङ्घन गर्ने प्रयास गरेका ४२औं व्यावसायिक जहाजलाई समेत सफलतापूर्वक फर्काइएको जनाएको छ। यससँगै करिब छ अर्ब डलर मूल्य बराबरको छ करोड ९० लाख ब्यारेल तेल बोकेका ४१ ट्याङ्करहरू बजारमा प्रवेश गर्न नपाएको दाबी गरिएको छ।

यसैबीच, अमेरिका र जर्मनीबीचको सम्बन्धमा तनाव देखिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जर्मनीले इरानविरुद्धको युद्धमा साथ नदिएपछि त्यहाँ तैनाथ ३५ हजारदेखि ५० हजार अमेरिकी सैनिक घटाउने विचार गरिरहेको बताएका छन्। जर्मन चान्सलर फ्रेडरिक मर्जले कूटनीतिक समाधानमा जोड दिँदै युद्धमा सहभागी हुन अस्वीकार गरेपछि यो विवाद चर्किएको हो। अर्कोतर्फ, रुसले युद्ध नगर्न अमेरिकालाई चेतावनी दिएको छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले ट्रम्पसँगको टेलिफोन वार्तामा इरानमाथि पुनः सैन्य आक्रमण नगर्न आग्रह गरेका छन्।

उनले युद्धविराम विस्तारको निर्णयलाई सकारात्मक भने पनि सैन्य कारबाही पुनः सुरु भए 'गम्भीर र हानिकारक परिणाम' आउने चेतावनी दिए। ट्रम्पले उक्त वार्तालाई

▶▶ बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**
एम्बुलेन्स (नेपाल रेडक्रस) : ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) : ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) : ९८२२४११५८६
शव वाहन : ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय : १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय : ०८३-५२५४९६
विद्यूत फ्यूज सेवा :०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन : १०९८

**विमान स्थल**
सुर्खेत : ०८३-५२१९४५/५२५२१९
जुम्ला : ०८७-५२०१९०
मुगु ताल्चा :
हुम्ला : ०८७-६८००८०
डोल्पा : ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम) : ०८८-४०१०४८
नेपालगन्ज : ०८१-५६५२०५

**दमकल**
वीरेन्द्रनगर न.पा. : : १०१
भेरीगंगा न.पा. : ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा. : ०८९-४१०२०१

**अस्पताल**
दैलेख जिल्ला अस्पताल : ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत : ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि. : ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि. : ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम) : ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम) : ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) : ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) : ९८६८११६०५२
जाजरकोट अपस्ताल : ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा : ०८७-५५०१११
जिल्ला अस्पताल मुगु : ०८७-४६०१६२

## आजको राशिफल

**मेष** — परिस्थितिको चक्रमा अलमलिनुपर्दा काम बन्न समय लाग्नेछ। आफ्नो क्षेत्रमा अरूले हस्तक्षेप गर्न सक्छन्। सम्भावना देखिए पनि उपलब्धि प्राप्त गर्न समय लाग्नेछ।

**वृष** — शुभचिन्तकहरूले साथ दिनेछन्। लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ। पढाइलेखाइमा प्रगति हुनेछ। सेवामूलक कामबाट धनलाभ हुनेछ।

**मिथुन** — शुभचिन्तकहरूको सुझाव नमान्दा दुःख पाइनेछ। अप्ठ्यारो परिस्थिति अँगाल्दै अघि बढ्नुपर्ने समय छ। समस्या दर्साउँदा आफन्तजन सहयोगीका रूपमा देखा पर्नेछन्।

**कर्कट** — पछिका लागि राम्रो सम्भावना देखिए पनि तत्काल सोचेको लाभ नहुन सक्छ। आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान्।

**सिंह** — पेसा-व्यवसायमा नयाँ काम प्रारम्भ हुने समय छ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ।

**कन्या** — काम बन्नुका साथै दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। कामको सफलताले हौसला जगाउनेछ। सहयोगीले साथ दिनेछन्।

**तुला** — कामका लागि रकम जोहो गर्ने समय छ। आफन्त र परिवारबाट टाढिनुपरे पनि दिन उपलब्धिमूलक रहनेछ। टाढाका साथीभाइको निम्तो प्राप्त हुनेछ।

**वृश्चिक** — मिहिनेत गर्दा आम्दानीका स्रोत फेला पर्नेछन्। आवश्यक भौतिक साधन सजिलै जुट्नेछन्। आम्दानी बढ्नाले उत्साह जाग्नेछ।

**धनु** — अरूका काममा समय खर्चनुपर्दा पछि परिनेछ। सामाजिक जिम्मेवारी पूरा गर्नमा बाधा हुनेछ। अवसरवादीहरूले कमजोरीको फाइदा उठाउने चेष्टा

**मकर** — प्रतिष्ठित काम सम्पादन गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। शुभचिन्तकहरूको सहयोग जुट्नाले मनग्य फाइदा हुनेछ।

**कुम्भ** — स्वास्थ्य कमजोर रहनेछ। खर्च र चुनौतीको समय रहेको हुँदा व्यवहारमा पनि सजग रहनुपर्ला। कामको चाप बढ्नेछ।

**मीन** — सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। आफन्तको उपहारले प्रसन्नता मिल्नेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ।

# भोलीदेखि कर्णाली युवा महोत्सवको दोस्रो संस्करण

**युग संवाददाता**
**सुर्खेत, १७ बैशाख ।**
कर्णाली प्रदेशका युवाहरूको प्रतिभा पहिचान र क्षमता विकास गर्ने उद्देश्यका साथ कर्णाली युवा महोत्सवको दोस्रो संस्करण आयोजना हुने भएको छ।

शनिबारदेखि (१९ र २० वैशाख) वीरेन्द्रनगरस्थित सिटी हलको प्रांगणमा महोत्सव सञ्चालन हुने आयोजकले जनाएका छन्। गत वर्ष माघमा सम्पन्न पहिलो संस्करणको सफलतापछि यस वर्ष थप परिष्कृत रूपमा महोत्सवलाई निरन्तरता दिन लागिएको आयोजकको दाबी छ।

परिवर्तनका लागि युवा, राष्ट्रिय युवा परिषद्, राष्ट्र निर्माण मञ्च नेपाल, प्लेयिङ फर चेन्ज र कर्णाली युथ फाउन्डेसनलगायत संस्थाहरू यस महोत्सवका आयोजक तथा सह-आयोजकका रूपमा छन्। 'कर्णालीका युवाहरूका लागि आफ्नो शक्ति, सिर्जनशीलता र सम्भावनालाई उजागर गर्ने साझा डबलीको रूपमा दोस्रो संस्करण गर्न लागेका छौं', मूल आयोजक समितिका संयोजक विनोदकुमार शाहीले भने, 'कर्णालीको समृद्धिमा राज्यको दायित्व, जनप्रतिनिधि र युवाका सवाल, मिडियामा कर्णालीको स्थान, पर्यटन, शिक्षा, र स्वास्थ्य जस्ता विषयमा गहन छलफल हुनेछ।'

त्यस्तै, महोत्सवमा वक्तृत्वकला, क्षितिज समर्पणद्वारा लिखित पुस्तक तोरकिन र ओम रिजालद्वारा लिखित पैकेलोको चर्चा गरिने जनाइएको छ। कर्णालीका विभिन्न क्षेत्रमा उदाहरणीय कार्य गर्ने कर्णालीका उत्कृष्ट १० जना युवालाई कर्णाली युथ आइकन अवार्डबाट सम्मानित गरिने शाहीले बताए। महोत्सवमा कर्णालीको मौलिक देउडा खेल, सांगीतिक र साहित्यिक प्रस्तुतिहरू पनि समावेश हुनेछन्।

## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### मुहान दर्ता सम्बन्धी दाबी बिरोध गर्ने सूचना

**(प्रकाशन मिति: २०८३/०१/१८)**

यस कार्यालयमा खानेपानी तथा सिचाई प्रयोजनका लागि मुहान दर्ता गर्न आबश्यक कागजात संलग्न गरि तपसिलमा उल्लिखित उपभोक्ता समितिहरुबाट निबेदन पेश भएको हुँदा मुहान दर्ता कार्यबिधि २०७८ को दफा १४ को उपदफा १ को प्रयोजनार्थ कसैको हकदाबी भएमा यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रमाण सहित यस कार्यालयमा हकदाबी गर्नहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको समय भित्र हकदाबी पर्न नआएमा नियमानुसार मुहान दर्ता हुने ब्यहोरा जानकारी गराईन्छ।

**तपसिल:-**

| क्र.सं. | खानेपानी / सिचाईको मुहान तथा समितिको नाम | ठेगाना | अध्यक्षको नाम |
|---|---|---|---|
| १ | मित्रनगर खानेपानी तथा सरसफाई उपभोक्ता समिति : मुहान:- बुढिआँप खोला | वीरेन्द्रनगर नगरपालिका वडा नं ४ सुर्खेत | बाबुलाल बि. क. |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

### सिलबन्दी दरभाउपत्र आहवानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०१/१८)**

ठूलीभेरी नगरपालीका अर्न्तगत सबैका लागी दिगो खानेपानी सरसफाई तथा स्वच्छता आयोजनाको सहयोगमा वडा नं.१ मा सञ्चालित तपसिलको खानेपानी तथा सरसफाइ योजनाको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु, फिटिङ्गस तथा औजारहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलव्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रहि सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

| सिलबन्दी दरभाउपत्र नम्वर | खानेपानी योजनाको नाम | उपभोक्ता समितिको सिटिजन्स बैंकमा रहेको खाता नं. | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम रु. (भ्याट बाहेक) | दरभाउपत्र खरिद रकम रु. (पछी फिर्ता नहुने) | बोलपत्र जमानत वापतको रकम रु. |
|---|---|---|---|---|---|
| THALA WASH/SQ/ 01/082/083 | थाला बहु-उपयोगी पानि प्रणाली योजना। (Thala Bahu-Upayogi Pani Praanali Yojana Nirman ) | ०४२०१००००११५७२०१ | २,३१७,६७४।५० | ३,०००।०० | ६९,५३०।२३ |

**शर्तहरु :**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटिङ्गसहरु सप्लाइ सम्बन्धी दरभाउपत्र फारम प्रति फारम रु ३०००।००(पछि फिर्ता नहुने गरी) सम्बन्धित उपभोक्ताको नाममा सिटिजन्स बैंकमा रहेको खाता नम्बरमा नगदै रकम दाखिला गरेको भौचर प्रतिलिपि वा वैकं ग्यारेन्टी सहीत लिखित निवेदनको साथमा सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणाको सक्कल प्रतिलिपी, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरु नोटरी पव्लिक फर्मबाट प्रमाणित भएको प्रतिलिपिहरु सहित यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिनको कार्यालय समय भित्र नगर कार्यपालिकाको कार्यालय वा आयोजना सहयोग इकाई, सुर्खेत वाट खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रीतपूर्वक भरी सूचना प्रकाशित भएको सोह्रौं दिनको १२ बजे भित्र प्रचलित कानुन बमोजिम वैकं ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य वैंक वा वित्तीय संस्थाबाट न्युनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिनलाइ मान्य बोलपत्र जमानत सहितको ग्यारेन्टी पत्र वा सम्बन्धित उपभोक्ताको समितिको वैकमा रहेको खाता नम्वरमा नगदै जम्मा गरेको सक्कलै भौचर र उपभोक्ता समतिको अध्यक्ष लाइ निवेदन सहित फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ भने साप्लायरल योजनाको लागी दरभाउ पत्र पेश गर्न सक्नेछ। दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र न. उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटिङ्गस सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ

३. सम्भावित सप्लायर आपूर्तिकर्ताहरुलाई खरिदको सूचना प्रकाशन भएको मितिले बाह्रौ दिन दरभाउपत्र फारम तथा खरिद गर्ने सामाग्रीहरुको स्पेसीफिकेसन वा कोटेशन पेश गने तरिका आदिका बारेमा जानकारी दिन एचभ(द्यष्म :भभतष्लन गरिनेछ। यस्तो मीटिंग नगरंपालिको कार्यालयमा व्यक्तिगत भेला गरेर वा दुरस्थ (online) मध्यम बाट समेत गर्न सपकिनेछ। साथै सप्लायर र आपूर्तिकर्ताबाट यस्तो जानकारी माग भएमा कुनै पनि समय ईमेल वा पत्रको मध्यमबाट समेत दिइनेछ र सो को जानकारी अन्य सप्लायर आपूपर्तिकर्तालाई समेत दिइनेछ।

४. सफल दरभाउ पत्र दाताले दरभाउ पत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र वढि घटि भएमा कार्य सम्पादन जमानत रकम =(०.८५ x लागत अनुमान - कबोल मुल्य) x ०.५)+५ प्रतिशत कवोल मुल्यको हिसाव गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ताको समितिको वैक खातामा जम्मा गर्नु पर्नेछ।

५. सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आर्फै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सकिनेछ। हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सोह्रौ दिनको १२ बजे भित्र प्राप्त भैसक्नुपर्नेछ।

६. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले तोकिएको स्थान सम्म ढुवानी भै सामग्रीहरु प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाच गरेपछि मात्र सप्लाइ भएको सामानको भुक्तानी दिइनेछ।

७. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी मिति २०८३।०२।०२ मा नगरकार्यपालिकाको कार्यपालिकाको कार्यालयमा दिउसो १२ बजे खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।

८. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ।

९. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ।

११. यस सम्बन्धी थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ। अन्य शर्तहरु आयोजना खरिद कार्यविधि बमोजिम हुनेछ।

१२. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना ठूलीभेरी नगरपालीका को सूचना पाटीमा टास गरिनेछ।

१३. अन्य थप जानकारी चाहिएमा डोल्पा जिल्ला ठूलीभेरी नगरपालीका अन्तरगत खानेपनी,सरसफाइ तथा स्वच्छता इकाई मोवाईल नम्बरमा ९८५८३६६१५४ मा सम्पर्क गर्न सकिनेछ सम्पर्क।

**खरिद समिति**

## उठाए...

मनपरी शुल्क असुल्ने प्रवृत्तिमाथि तत्काल नियन्त्रण हुनुपर्ने बताउदै उनले नियमविपरित लिएको रकम फिर्ता हुनुपर्ने माग गरे। यस्तै, वीरेन्द्रनगर-९, स्थित पज्ञा पाठशालाले पुराना विद्यार्थीहरुबाट पनि वार्षिक शुल्क असुलेको भेटिएको छ। यो विद्यालयले मासिक शुल्कमा समेत अस्वभाविक वृद्धि गरेको छ।

यसअघि भर्ना भइसकेका एक कक्षामुनिका विद्यार्थीबाट बैशाख महिनामा मात्रै सात हजार दुई रुपैयाँ लिएको बिल प्राप्त भएको छ। यस्तै, एसोएस स्कुलले प्रति विद्यार्थी १७ हजारभन्दा माथि वार्षिक शुल्कवापत रकम लिएको छ। उल्लेखित विद्यालयहरु सुर्खेतमा नाम चलेका ठुला निजी लगानीका शैक्षिक संस्था हुन्।

वीरेन्द्रनगरमा साना ठुला गरी एक सय चार निजी विद्यालयहरु छन्। जसले नागरिकसँग विद्यार्थी भर्नाको नाममा चर्को रकम असुल गरिरहेको प्राप्त प्रमाणहरुले पुष्टि गर्छन्। यसरी मनोमानी रकम उठाउने विद्यालयहरुमा नेपाल पुलिस स्कूल, सैनिक आवासिय विद्यालयसमेत छन्।

## नियामक...

शुल्क दुई महिनाको स्वीकृत मासिक शुल्क बराबर मात्र लिन पाइने निर्देशिकामा उल्लेख छ। वार्षिक शुल्कको रकम खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, पुस्तकालय, भवनलगायत भौतिक मर्मत र प्राथमिक उपचारमा खर्च गर्नुपर्नेछ।

निर्देशिकाले परीक्षा र शैक्षिक सामग्री शुल्कका विषयमा पनि मापदण्ड तोकेको छ। यस्तै, परीक्षा शुल्क प्रत्येक कक्षाको लागि स्वीकृत मासिक पढाइ शुल्कको ५० प्रतिशतभन्दा बढी लिन पाइदैन। परीक्षाको मापदण्डमा सञ्चालित सम्पूर्ण खर्च र स्थानान्तरण प्रमाणपत्र छपाइबापतको खर्चसमेत यसैभित्र समेट्नु पर्ने निर्देशिकामा उल्लेख छ।

शैक्षिक सामग्रीबापत मासिक पढाइ शुल्कको १० प्रतिशत मात्र वर्षमा एक पटक लिन पाइनुका साथै निर्देशिकाले विद्यालयको मापदण्ड, खर्च क्षेत्र सीमांकन, शुल्क दरको निर्धारण, शुल्कको अनुमोदन तथा स्वीकृतिको विधिसमेत तोकेको छ।

त्यस्तै, निर्देशिकाले निजी विद्यालयमा आवास (होस्टल), खाजा/खाना र यातायात शुल्क अभिभावक भेलाबाट तोक्नुपर्ने व्यवस्थासमेत गरेको छ। आवास व्यवस्थापनको शुल्क निर्धारण गर्दा आवासीय विद्यार्थीहरूको अभिभावक र विद्यालयबीच भएको सहमतिअनुसार निर्देशिकामा उल्लेख छ। तर, सुर्खेतका निजी विद्यालयहरुले आफुखुशी भर्ना र मासिक शुल्क तोकेर रकम असुल गरिरहेको अभिभावकहरुको गुनासो छ।

अहिले नयाँ शैक्षिक सत्र २०८३ को नयाँ भर्ना चलिरहदा अभिभावकहरुले निजी विद्यालयहरुले अस्वभाविक शुल्क लिइरहेको दैनिक गुनासो गरिरहेका छन्। शुल्क निर्देशिका अनुसार वार्षिक शुल्कको रुपमा दुई महिनासम्मको रकम वर्षमा एक पटक लिन पाइन्छ। तर, यो व्यवस्था नयाँ विद्यार्थीका लागि मात्र लागु हुन्छ। अहिले यही शिर्षकमा निजी विद्यालयहरुले अघिल्ला वर्षहरुमा भर्ना भइसकेका विद्यार्थीसँग पनि धमाधम रकम लिइरहेका छन्।

साथै, मासिक शुल्कमा पनि बृद्धि भएको गुनासो अभिभावकहरुको छ। तर, नियामक निकाय वीरेन्द्रनगर नगरपालिका भने मौन देखिन्छ। नेपालको संविधानको अनुसूची- ८ मा प्राथमिक र माध्यमिक तहको शिक्षा हेर्ने एकल जिम्मेवारी स्थानीय तहलाई छ।

त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। सो ऐनका दफा ११ को उपदफा २ (ज) ले प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन गर्ने अधिकार स्थानीय तहलाई दिएको छ। तर, वीरेन्द्रनगरले निजी विद्यालयहरुको मनपरी रोक्न निर्णायक भूमिका निभाउन नसकेको आरोप छ।

यो यसवर्षको मात्र समस्या होइन। नियमविपरित भर्ना शुल्क र मासिक शुल्क बृद्धि गरेको भन्दै अभिभावकहरुको चर्को विरोधपछि नगरपालिकाले विद्यालयहरुलाई नम्र भाषामा सचेत गराएको छ। नगर शिक्षा शाखा प्रमुख धिरेन्द्र शर्मा भन्छन्, 'नगरपालिका अन्तर्गत सञ्चालित केही संस्थागत विद्यालयहरुले विद्यार्थीमा एक पटकभन्दा बढी भर्ना शुल्क लिएको, चर्को वार्षिक शुल्क लिएको, अनावश्यक शीर्षकमा शुल्क लिएको तथा विद्यालयबाट नै पाठ्यपुस्तक र पोशाक वितरण गर्न बाध्य बनाएको जस्ता जनगुनासो आएपछि सचेत गराइएको छ।' नगरपालिकाले जारी गरेको सूचनामा कानुन अनुसार बाध्यकारी बनाउने भन्दापनि अनुरोध गर्ने व्यहोराबाट सार्वजनिक पत्र विवादमा तानिएको छ।

### सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८३/०१/१८**

गुर्भाकोट नगरपालिका अन्तर्गत जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, सुर्खेतको आर्थिक तथा प्राबिधिक सहयोगमा सञ्चालित तपसिलका सिंचाई, खानेपानी तथा सरसफाइ योजनाहरूका लागि परियोजनाको सामुदायिक(वाह्य निर्माण सामग्री) खरिद कार्यविधि–२०८२ बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्री पाइप, फिटीङ्गस्, सिमेन्ट, सरिया(रड) तथा औजारहरू खरिद गर्नु पर्ने भएकोले दरभाउ पत्र साथ संलग्न परिमाण, र उपलव्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न शर्तहरूको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायर्सबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

**तपसिलः**

| सिलबन्दी दरभाउपत्र नम्बर | योजनाको नाम | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (ढुवानी सहित र भ्याट बाहेक) | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर | ढुवानी गर्नु पर्ने स्थान |
|---|---|---|---|---|
| SQ/GOODS/ GM/01/082/083 | सिमलगैरा खहरे खोला सिँचाई तथा सरसफाई योजना, गुर्भाकोट- ९ सुर्खेत | ५१९१६११।२२ (अक्षरुपी एकाउन्न लाख एकानब्बे हजार छ सय एघार रुपैयाँ बाईस पैसा मात्र) | ३,०००।०० (अक्षरुपी तिन हजार रुपया मात्र) | सम्बन्धित योजना स्थलमा (गुर्भाकोट नगरपालिका–९) |
| SQ/GOODS/ GM/02/082/083 | सिमलगैरा खानेपानी तथा सरसफाई योजना, गुर्भाकोट-३, सुर्खेत | १९४९३००।३८ (अक्षरुपी उन्नाइस लाख उन्नपचास हजार तिन सय रुपैयाँ अठ्तिस पैसा मात्र) | १,०००।०० (अक्षरुपी एक हजार रुपया मात्र) | सम्बन्धित योजना स्थलमा (गुर्भाकोट नगरपालिका–३) |
| SQ/GOODS/ GM/03/082/083 | साजगैरा दाप्चा खानेपानी तथा सरसफाई योजना | २०२६४६६।०३ (अक्षरुपी बिस लाख छब्बिस हजार चार सय छैसठ्ठ रुपैयाँ तिन पैसा मात्र) | ३,०००।०० (अक्षरुपी तिन हजार रुपया मात्र) | सम्बन्धित योजना स्थलमा (गुर्भाकोट नगरपालिका–९) |

**शर्तहरुः**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप, फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र फारम सम्बन्धित गुर्भाकोट नगरपालिकाको कार्यालयबाट वा परियोजना www.laccp.org.np र नगरपालिकाको www.gurbhakotmun.gov.np वेबसाइटबाट प्राप्त गर्न सकिनेछ।

२. दरभाउपत्र पेश गर्दा तोकिएको फारम दस्तुर (पछि फिर्ता नहुने गरी) योजना संचालन हुने गुर्भाकोट नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक, मेहेलकुना शाखामा रहेको आन्तरिक राजश्व खाता नं.-४४८०१००३०१०१०००२ (ग १.१) मा जम्मा गरेको सक्कलै भौचर वा राजश्व शाखा सुत्रमा जम्मा भएको सिर्जित सक्कल भौचर सहित फर्म वा सप्लायरको लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र सहित यो सूचना प्रकाशित भएको मितिले १६औं दिन (मिति २०८३/०२/०२) को दिउसो १२:०० बजे भित्र सम्बन्धित नगरपालिकाको कार्यालय वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाई बिरेन्द्रनगर सुर्खेतमा पेश गरि सक्नु पर्नेछ। यी फारमहरू यो सूचना प्रकाशित भएको मितिबाट १५ औं दिन (मिति २०८३/०२/०१) को कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ। दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरू, पाइप तथा फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ।

३. सिलवन्दी दरभाउ पत्र पेश गर्दा
क) सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ।
ख) हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौ) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ।

४. सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिहरूको गोदाममा ढुवानी भै प्राविधिक चेकजाँच भएपछि मात्र हुनेछ। यसैले बोलपत्र सम्बन्धि धरौटी तथा बैक जमानतको आवश्यकता पर्ने छैन।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरी यो सूचना प्रकाशित भएको मितिले १८ औं (२०८३/०२/०४) दिन गुर्भाकोट नगरपालिका, सुर्खेतको कार्यालयमा दिउसो १०:०० बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरू, नगरपालिका कार्यालयका प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउ पत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।

६. दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ।

७. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ।

८. दरभाउपत्र फाराममा तोकिएका लेख्ने स्थानहरू बाहेक, अन्यत्र कुनै पनि थप नोट, संकेत तथा कुनै जानकारी लेख्न पाइने छैन।

९. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

१०. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ।

११. अन्य शर्तहरू परियोजनाको सामुदायिक खरिद कार्यविधि २०८२ बमोजिम हुनेछ। थप शर्तहरू दरभाउपत्र फारम साथै संलग्न गरिएको छ।

१२. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना नगरपालिकाहरूको सूचना पाटीमा जानकारी गरिनेछ।

१३. अन्य थप जानकारी चाहिएमा गुर्भाकोट नगरपालिका वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना कार्यान्वयन एकाई सम्पर्क गर्न सकिनेछ।

**संयुक्त खरिद समिति**

## कच्चा...

सकारात्मक बताउँदै इरानसँगको द्वन्द्व अन्त्य गर्न रुसको सहयोग आवश्यक रहेको उल्लेख गरे। युद्धको आर्थिक लागत पनि बढ्दै गएको छ। अमेरिकी रक्षामन्त्री पीट हेग्सेथले ६० दिनको द्वन्द्वमा हालसम्म करिब २५ अर्ब डलर खर्च भएको अनुमान गरिएको बताए। यद्यपि, उच्च मात्रामा हतियार प्रयोग भएको विषयमा उठेका चिन्ताहरूलाई उनले अस्वीकार गरे।

रणनीतिक रूपमा लामो समयसम्म इरानमाथि दबाब कायम राख्ने तयारीमा अमेरिका देखिएको छ। रिपोर्टहरूका अनुसार ट्रम्प प्रशासनले तेहरानलाई आणविक कार्यक्रम त्याग्न बाध्य पार्न बन्दरगाहहरूमा दीर्घकालीन नाकाबन्दीको योजना बनाइरहेको छ। साथै, इरानलाई लामो समयसम्म युरेनियम संवर्धन रोक्न र कडा प्रतिबन्ध स्वीकार गर्न दबाब दिने रणनीति अपनाइएको छ।

ट्रम्पले आफ्नो सामाजिक सञ्जालमार्फत पनि कडा सन्देश दिएका छन्। इरानले आणविक सम्झौतामा चाँडै निर्णय लिनुपर्ने चेतावनी उनले दिए।

युद्धको असर अन्य क्षेत्रहरूमा पनि देखिएको छ। क्यानाडामा आयोजित फिफा काङ्ग्रेसमा सहभागी हुन गएका इरानी फुटबल अधिकारीहरूले टोरन्टो विमानस्थलमा भएको व्यवहारप्रति असन्तुष्टि जनाउँदै कार्यक्रमअघि नै देश छोडेका छन्।

# जानकीमा ‘पूर्ण खोप सुनिश्चित तथा दिगोपना वडा’ घोषणा

**सरला सुवेदी**
**बाँके, १७ वैशाख।**

जिल्लामा पहिलोपटक जानकी गाउँपालिका-१ बढैयालाई ‘पूर्ण खोप सुनिश्चित तथा दिगोपना वडा’ घोषणा गरिएको छ। आज एक औपचारिक समारोहमा “स्थानीय स्वामित्व र सहभागिता, पूर्ण खोप सुनिश्चितता-हाम्रो प्रतिबद्धता” भन्ने मूल नारासहित वडालाई औपचारिक रूपमा घोषणा गरिएको हो।

कार्यक्रममा गाउँपालिकाका स्वास्थ्य संयोजक दल बहादुर रानाले जानकी-१ लाई पूर्ण खोप सुनिश्चित वडा घोषणा गर्दै यसलाई बाँके जिल्लाकै ऐतिहासिक उपलब्धि भएको उल्लेख गरे। स्वास्थ्य चौकी इन्चार्ज मोहम्मद साहिल कादरीका अनुसार नेपाल सरकारले जारी गरेको ‘पूर्ण खोप सुनिश्चितता निर्देशिका (तेस्रो संशोधन-२०७७)’ का सबै मापदण्ड पूरा गरेपछि वडाले यो मान्यता प्राप्त गरेको हो।

निर्देशिकाअनुसार जन्मेदेखि १५ महिनासम्मका सबै बालबालिकाले पाउनुपर्ने सम्पूर्ण खोप सुनिश्चित गर्नुका साथै १६ देखि २३ महिनासम्मका छुटेका बालबालिकालाई खोजी गरी खोप लगाई आवश्यक सबै मात्रा पूरा गरिएपछि मात्र यस्तो घोषणा गर्न सकिने व्यवस्था छ। स्वास्थ्य कार्यालय बाँकेका अनुसार जिल्लाका अन्य वडाहरूले अझै उक्त मापदण्ड पूरा गर्न नसकेको अवस्थामा जानकी-१ ले अग्रणी भूमिका निर्वाह गर्दै उदाहरण प्रस्तुत गरेको छ।

घोषणा कार्यक्रममा वडा अध्यक्ष मोहम्मद रेजा राईसहित जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा स्थानीयवासीको उल्लेखनीय सहभागिता रहेको थियो। सरकारको नीति अनुसार वडा, स्थानीय तह, जिल्ला हुँदै प्रदेश र अन्ततः देशलाई नै ‘पूर्ण खोप सुनिश्चित तथा दिगोपना’ घोषणा गर्ने लक्ष्य लिइएको छ। सोही अभियानअन्तर्गत बाँके जिल्लाले यस वर्ष जानकी-१ बाट औपचारिक सुरुवात गरेको हो।

यस उपलब्धिले खोपप्रति जनचेतना अभिवृद्धि गर्नुका साथै बालबालिकाको स्वास्थ्य सुरक्षामा महत्वपूर्ण टेवा पुग्ने अपेक्षा गरिएको छ। साथै, अन्य वडाहरूलाई पनि शीघ्र पूर्ण खोप सुनिश्चितता घोषणा गर्न प्रेरणा मिल्ने विश्वास व्यक्त गरिएको छ।

# नौ महिनामा चौध सय फरार कैदीबन्दी पक्राउ

**युग संवाददाता**
**महेन्द्रनगर, १७ वैशाख।**

सुदूरपश्चिम प्रहरीले बितेको नौ महिनाको अवधिमा यहाँ एक हजार ४६० जना फरार कैदीबन्दीलाई पक्राउ गरेको छ। विभिन्न आपराधिक घटनामा संलग्न हुनुका साथै अदालत र जिल्ला प्रशासन कार्यालयबाट कैद सजाय र जरिवाना गरी फरार रहेका प्रतिवादीलाई पक्राउ गरी कारबाही भइरहेको छ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक पदम विष्टले चालु आवको नौ महिना (चैत मसान्त) सम्म एक हजार ४६० फरार कैदीबन्दीलाई पक्राउ गरी कारागारसमेत चलान गरिएको बताए। प्रदेश प्रहरी कार्यालयका अनुसार यो अवधिमा सबैभन्दा बढी फरार कैदीबन्दी कैलालीबाट ७३२ र तराईको अर्को जिल्ला कञ्चनपुरबाट ४१० जना पक्राउ गरिएको छ।

प्रवक्ता विष्टका अनुसार प्रदेशको डडेल्धुराबाट १०१, डोटीबाट १२, अछामबाट ४३, दार्चुलाबाट ७३, बैतडीबाट नौ, बझाङबाट ५८ र बाजुराबाट २२ फरार कैदीबन्दी पक्राउ परेका छन्। “लामो समयदेखि कैद सजाय भएका फरार प्रतिवादी पक्राउ गर्न यहाँका नौवटै जिल्लामा प्रहरी टोली परिचालित छ”, उनले भने, “जेजनी आन्दोलनका बेला कारागारबाट भागेका कैदीबन्दी पक्राउ गर्न प्रहरी सबैतिर सक्रिय छ।”


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**मालपोत कार्यालय, सुर्खेत**

**मालपोत कार्यालय सुर्खेतबाट जारी भएको अपुताली (नामसारी) जग्गा हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**मिति: २०८३/०१/१७**

जिल्ला सुर्खेत लेकवेशी नगरपालिका वडा नं. ०६ बस्ने ठग बहादुर थापा (ना.प्र.नं. ३२६६, जारी मिति २०४६/०२/२०, सुर्खेत) ले मेरो छोरी ज.ध. नन्दी कुमारी थापाको नाममा तपशिल बमोजिमका जग्गा रहेकोमा निजको मिति २०८२/०७/०६ मा मृत्यु भएको। निज ज.ध. को पति हरि बहादुर बाकावल संग मिति २०७६/०१/०४ मा सम्बन्ध विच्छेद भएको र निज दम्पतिबाट एकमात्र छोरी दिया थापा बाकावलको जाय जन्म भएकोमा छोरी दिया थापा बाकावलको पनि मिति २०७६/०२/१९ मा गाडी दुर्घनामा परी मृत्यू भएकोले मेरो छोरी ज.ध. नन्दी कुमारी थापाको शेष पछिको हक खाने हकदारमा म बाबु रहेकोले मेरो छोरी ज.ध. नन्दी कुमारी थापाको नाममा दर्ता कायम तपशिल बमोजिमको जग्गा मेरो नाममा एकलौटी नामसारी गरी पाउँ भनि यस कार्यालयमा द.नं. ९८४७ मिति २०८३/०१/१७ मा निवेदन मागदावी रहेकोमा निज बाहेक उल्लेखित जग्गामा अन्य कसैको हकदाबी भए वा नामसारी माग गरेको जग्गा निवेदकको नाममा नामसारी गरी जग्गाधनी प्रमाण पुर्जा दिन नमिल्ने कुनै कारण भए वा कसैले उल्लेखित कित्ता जग्गाको हकमा नामसारीको लागि यस पुर्व मिसिल भिडाई नामसारी प्रक्रियामा रहे भएको भए वा उल्लेखित जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी गर्न आउनुहोला। तोकिएको म्याद भित्र कोही कसैको दावी बिरोध नपरे निवेदकको माग दावीलाई स्वीकार गरेको मानि कानून बमोजिम जग्गा नामसारी भई जानेछ र यस बिषयमा पछि कसैको कुनै दावी नलाग्ने ब्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ।

**तपशिल:**

| गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावालाको नाम | निवेदकको नाम |
|---|---|---|---|---|---|
| डाडागाउ | ८क | १८० | ४-०-२-२ (२०५४.८४) | नन्दी कुमारी थापा | ठग बहादुर थापा |

**ख्याल गर्नुहोस है।**

तपाईलाई कसैले माया गर्ने, विवाह गर्ने, जागिर लाई दिने वा शहर घुमाई दिने वा मिठो खान र राम्रो लगाउन दिने भन्ने प्रलोभनमा पारी तपाई नाजुक अवस्थाको फाइदा उठाउन सक्छन्,
**त्यसैले**
काम वा जागिर लगाईदिने, माया गर्ने वा विवाह गर्ने कुरामा कसैलाई पनि छिट्टै विश्वास नगर्नुहोस्।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।

**स्वास्थ्यमा ध्यान दिऔं।**

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिंडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुमपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतबाट लिऔं।

**स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

**सामेल एग्रिकल्चर प्रा.लि.**
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
SAMEL AGRICULTURE PVT.LTD. SURKHET 2075
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस्।



budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

**GANGAMALA TRAVELS & TOUR PVT. LTD**
**CAR WASH**
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP


**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।